## बैठक संख्या १७

आज मिति २०८२/०१/२५ गतेका दिन यस बेलडाँडी गाउँपालिकाका अध्यक्ष श्री हरिश चन्द्र राना ज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायका पदाधिकारीको उपस्थितीमा बसी देहाय बमोजिम निर्णय पारित गरियो ।

### उपस्थिती

| क.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री हरिश चन्द्र राना | अध्यक्ष | |
| २. | श्री शान्ती नाथ | सदस्य | |
| ३. | श्री गज बहादुर बिष्ट | सदस्य | |
| ४. | श्री नारद सिंह उर्याल | सदस्य | |
| ५. | श्री दुर्गा प्रशाद चौधरी | सदस्य | |
| ६. | श्री विर बहादुर खडका | सदस्य | |
| ७. | श्री ईन्द्र बहादुर खडका | सदस्य | |
| ८. | श्री गौरी देवी पाध्या | सदस्य | |
| ९. | श्री हर्कमती पाध्या | सदस्य | हर्कमती |
| १०. | श्री तारा देवी गिरी | सदस्य | |
| ११. | श्री बसन्ती देवी सुनार | सदस्य | |
| १२. | श्री चेतराम माली | सदस्य | |
| १३. | श्री मीना सुनार | सदस्य | |
| १४. | श्री विर बहादुर ऐर | सदस्य सचिव | |

बेलडाँडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बेलडाँडी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या १७/२०८१/०८२ मिति २०८२/०१/२५ गते

**प्रस्ताव नं.१:-अघिल्लो बैठकको समिक्षा तथा निर्णय कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय नं.१:-**प्रस्ताव नं. १ माथि छलफल हुँदा गाउँ कार्यपालिकाको मिति २०८२/०१/०९ गते बसेको अघिल्लो बैठकको समिक्षा गरियो । साथै, भए गरेका निर्णयहरु कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं. २:- शिक्षक दरबन्दी मिलान गर्ने सम्बन्धमा ।**

**निर्णय नं. २ :-**:प्रस्ताव नं.२ माथि छलफल हुँदा यस गाउँपालिका अन्तर्गत रहेका देहायका सरकारी विद्यालयका प्राथमिक तहको देहाय वमोजिम दरवन्दी मिलान गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

| क.सं. | हाल कार्यरत विद्यालयको नाम र ठेगाना | तह | हाल कायम रहेको दरवन्दी संख्या (राहत समेत) | बढी देखिएको दरवन्दी संख्या | कनिष्ट शिक्षकको नाम | दरवन्दी थप हुने विद्यालयको नाम र ठेगाना | कै |
|---|---|---|---|---|---|---|---|
| १. | श्री बैजनाथ मा वि झिलमिला बेलडाँडी गा.पा. ५, कंचनपुर | प्राथमिक | ६ | १ | प्रेमा वढवाल | श्री शैलेश्वरी आ.वि. बेलडाँडी २, कंचनपुर । | |
| २. | श्री सरस्वती मा वि झरनासागर, बेलडाँडी १, कंचनपुर । | प्राथमिक | ६ | १ | जमुना थापा | श्री कालिका आ.वि. चन्दनवस्ती, बेलडाँडी १ कंचनपुर । | |
| ३. | श्री सरस्वती जनता मा वि बैवाह, बेलडाँडी गा.पा. ४, कंचनपुर । | प्राथमिक | ६ | १ | कुल बहादुर खड्का | श्री शैलेश्वरी आ.वि. बेलडाँडी २, कंचनपुर । | |
| ४. | श्री सिंहपाल आ वि चवन्नी, बेलडाँडी गा.पा.२, कंचनपुर | प्राथमिक | ६ | १ | सीता खड्का | श्री शैलेश्वरी आ.वि. बेलडाँडी २, कंचनपुर । | |

**प्रस्ताव नं. ३- विद्यालयको तह/कक्षा घटाउने (Downsize) सम्बन्धमा।**

**निर्णय नं. ३** :-प्रस्ताव नं.३ माथि छलफल हुँदा यस गाउँपालिकाको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धमा सुझाव दिन गठित कार्यदल, २०८० को सुझाव अनुसार देहायका विद्यालयको देहाय बमोजिम तह/कक्षा घटाउने (Downsize) सर्वसम्मत निर्णय पारित गरियो।

देहायः-

| क.सं. | विद्यालयको नाम र ठेगाना | साविकमा संचालित तह/कक्षा | Downsize पश्चात कायम हुने तह/कक्षा | कैफियत |
|---|---|---|---|---|
| १. | श्री शैलेश्वरी आधारभूत विद्यालय बेलडाँडी गा.पा. २, कंचनपुर। | कक्षा ८ सम्म | कक्षा ५ सम्म | |
| २. | श्री सिद्धनाथ आधारभूत विद्यालय बेलडाँडी गा.पा. १, कंचनपुर। | कक्षा ८ सम्म | कक्षा ५ सम्म | |
| ३. | श्री राधाकृष्ण जनप्रिय आधारभूत विद्यालय बेलडाँडी गा.पा. ३ | कक्षा ८ सम्म | कक्षा ५ सम्म | |

**प्रस्ताव नं. ४:- राहत दरबन्दीमा कार्यरत शिक्षकहरुलाई व्यवस्थापन गर्ने सम्बन्धमा।**

**निर्णय नं. ४** :-प्रस्ताव नं.४ माथि छलफल हुँदा यस गाउँपालिका अन्तर्गत रहेका देहायका सरकारी विद्यालयमा राहत दरबन्दीमा कार्यरत देहायका शिक्षकहरुलाई शिक्षक दरबन्दी मिलानका क्रममा देहायका विद्यालयमा देहाय बमोजिम व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

देहायः-

| क.सं. | राहत शिक्षक/शिक्षिकाको नाम | तह | हाल कार्यरत विद्यालय | सरुवा हुने विद्यालयको नाम | कै |
|---|---|---|---|---|---|
| १. | श्री सुनिता जोशी | प्रा.वि. | श्री सिद्धनाथ आ.वि. बेलडाँडी १, कंचनपुर। | श्री त्रिसूली आ. वि. बेलडाँडी २, कंचनपुर। | |
| २. | श्री कर्ण बहादुर साउँद | प्रा.वि. | श्री त्रिसूली आ.वि. बेलडाँडी २, कंचनपुर। | श्री सिद्धनाथ आ.वि. बेलडाँडी १, कंचनपुर। | |

**प्रस्ताव नं. ५:- बाल विकास शिक्षक मिलान तथा व्यवस्थापन गर्ने सम्बन्धमा।**

**निर्णय नं.५**:-प्रस्ताव नं. ५ माथि छलफल हुँदा यस गाउँपालिका अन्तर्गत रहेका देहायका विद्यालयमा कार्यरत देहायका बाल विकास शिक्षकलाई देहायको विद्यालयमा मिलान तथा व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

देहायः-

| क.सं. | हाल कार्यरत विद्यालयको नाम | हाल कायम रहेको संख्या | बढी देखिएको दरबन्दी संख्या | कनिष्ट शिक्षकको नाम | दरबन्दी थप हुने विद्यालयको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | कञ्चन आ.वि. चन्दनबस्ती, बेलडाँडी २ | २ | १ | देवकी कुमारी जोशी | सिद्धनाथ मा.वि. चौफेरी, बेलडाँडी ३ | |

शैक्षिक सत्र सुरु भई
एक महिना पछाडि सहित
भर्ना भै सकेकोले
तिन नम्बर निर्णयमा मेरो असहमति रहेको छ

CamScanner

**प्रस्ताव नं. ६:- ठेक्काको म्याद थप गर्ने सम्बन्धमा ।**

**निर्णय नं.६**-प्रस्ताव नं. ६ माथि छलफल हुंदा बगलामुखी वैजनाथ जे.भि. धनगढी, कैलालीले पेश गरेको निवेदनबाट -BRM-17 construction of 15 Bed Hospital Beldandi , kanchanpur को म्याद थप गरिपाउं भनि अनुरोध गरेकोले उक्त ठेक्का सम्झौताको म्याद २०८२ साल वैसाख मसान्तमा सकिन लागेकोले उक्त ठेक्काको म्याद २०८२ साल वैशाख मसान्तदेखि २०८२ साल कार्तिक मसान्तसम्म ६ ( छ) महिना थप गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.७:- गाउँघर क्लिनिक व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं.७:**-प्रस्ताव नं. ७ माथि छलफल हुँदा यस गाउँपालिको वडा नं. ३ स्थित गाउँघर क्लिनिक व्यवस्थापनमा अपुग हुन गएको रकम रु. २६००००/-(दुई लाख साठी हजार) यस कार्यालयवाट भुक्तानी दिनेगरि उक्त गाउँघर क्लिनिक व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.८:- अभिभावक शिक्षा कार्यक्रमको लागि रकम विनियोजन गर्ने सम्बन्धमा ।**

**निर्णय नं.८:**-प्रस्ताव नं. ८ माथि छलफल हुँदा यस गाउँपालिकामा अभिभावक शिक्षा कार्यक्रम संचालनको लागि यस कार्यालयको विविध शिर्षकवाट रु.५००००/-(पचास हजार) रकम विनियोजन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.९:- ठेक्काबाट बचेको रकमबाट निर्माण कार्य गर्ने सम्बन्धमा ।**

**निर्णय नं.९:**-प्रस्ताव नं. ९ माथि छलफल हुँदा वेलडाँडी गाउँपालिका २ नं. वडा कार्यालयको भवन निर्माणको ठेक्काबाट बचेको रकमवाट उक्त भवनको पक्कि वाल तथा नाली मर्मत सहित स्लेभ निर्माण गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १० :- योजना तथा कार्यक्रम परिवर्तन सम्बन्धमा ।**

**निर्णय नं.१०:**-प्रस्ताव नं.१० माथि छलफल हुँदा यस कार्यालय अन्तर्गत कृषि विकास शाखाको चालु आ.व.२०८१/०८२ को विनियोजित बजेट शिर्षक एवं कार्यक्रमलाई देहायको योजना तथा कार्यक्रममा परिवर्तन गरि योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

| क.सं. | स्विकृत योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम रु. | परिवर्तित योजना तथा कार्यक्रमको नाम | रकम रु. | कै. |
|---|---|---|---|---|---|
| १. | गड्यौला मल सम्वन्धी कार्यक्रम | १००००० | साना सिंचाई कार्यक्रममा थप रकम | १५०००० | |
| २. | ढुवानी | ५०००० | | | |
| २. | नर्सरीलाई फलफुल विरुवाका लागि अनुदान | १००००० | उच्च स्तरीयको प्लाष्टिक घर तरकारी नर्सरीको प्रदर्शनी कार्यक्रम | १००००० | |

**प्रस्ताव नं. ११ :- कार्यक्रम परिवर्तन सम्बन्धमा ।**

**निर्णय नं.११-**:प्रस्ताव नं.११ माथि छलफल हुँदा यस कार्यालय अन्तर्गत उपाध्यक्ष विशेष कार्यक्रम अन्तर्गत चालु आ.व.२०८१/०८२ को विनियोजित वजेट शिर्षक एवं कार्यक्रमलाई देहायको कार्यक्रममा परिवर्तन गरि कार्यक्रम कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

| क. सं. | स्विकृत कार्यक्रमको नाम | विनियोजित रकम रु. | परिवर्तित योजना तथा कार्यक्रमको नाम | रकम रु. | कै. |
|---|---|---|---|---|---|
| १. | प्रत्येक वडामा घरेलु हिंसा सम्वन्धी-जनचेतनामूलक कार्यक्रम | ५०००० | न्यायिक समिति सचिवालय व्यवस्थापन | ५०००० | |
| २. | वडा नं. २ का आदिवासी/जनजाती /दलित/गरिब बालवालिकालाई ३ महिने कम्प्यूटर कोर्ष | १००००० | सुनौलो १००० दिनका आमा हरुलाई मातृ पोषण एवं जन्मजात विचलन सम्वन्धी जनचेतना तथा अभिमुखीकरण कार्यक्रम | १००००० | |

**प्रस्ताव नं.१२:- निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१२-**प्रस्ताव नं. १२ माथि छलफल हुँदा बेलडाँडी गाउँपालिकामा ४ नं. वडा कार्यालयको प.सं. २०८१/०८२ च.नं. ४३६ मिति २०८२/०१/२४ गतेको पत्रसाथ वडा समितिको मिति २०८२/०१/२४ गतेको बैठकको निणर्य नं. १ अनुसार वडा नं. ४ को चालु आ.व. २०८१/०८२ को विनियोजित भैपरी शिर्षकको रकम्र रु. २१८०००बाट बेलडाँडी गा.पा.४ स्थित एम्बिसन युवा समाजलाई वडा स्तरीय वडा कप क्रिकेट प्रतियोगितामा सहभागि हुनका लागि खेलाडीलाई व्यवस्थापन र सामाग्री खरिद रु.३५००० रहेकोले कारणवस फुटवल हुनुपर्ने ठाउँमा क्रिकेट हुन गई फरक पर्न गएकाले उक्त कार्यक्रम/योजनालाई सच्याई बेलडाँडी गा.पा. ४ स्थित एम्बिसन युवा समाजलाई वडा स्तरीय फुटवल कप प्रतियोगितामा सहभागि हुनका लागि खेलाडीलाई व्यवस्थापन र सामाग्री खरिद रु.३५००० गर्ने भनि निर्णय भई आएकोले वडा समितिले गरेको उक्त निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १३- DPR तयार गरि निर्माण कार्य को प्रकिया अगाडी बढाउने सम्बन्धमा ।**

**निर्णय नं.१३-**प्रस्ताव नं. १३ माथि छलफल हुँदा बेलडाँडी गाउँपालिका ३ नं. वडा कार्यालयको भवन ट्रसबाट निर्माण गर्नुपर्ने भएकोले उक्त भवनको DPR तयार गरि निर्माण कार्यको प्रकिया अगाडी बढाउने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.१४:- योजना कार्यान्वयन गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१४-**प्रस्ताव नं. १४ माथि छलफल हुँदा बेलडाँडी गाउँपालिकामा वडा नं. २ शेर सिंहको घरदेखि बैजनाथ मन्दिरसम्म माटो फिलिङ्गको लागि सो सम्बन्धमा उ.स. को पत्र सहित २ नं. वडा कार्यालयको सिफारिस पत्र प्राप्त भएपछि शेर सिंहको घरदेखि शुरु गर्न लगाई योजना कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

CamScanner

**प्रस्ताव नं.१५:- स्रोत अनुमान तथा बजेट सिमा स्विकृत एवं निर्धारण गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१५-**प्रस्ताव नं. १५ माथि छलफल हुंदा यस वेलडाँडी गाउँपालिकाको आगामी आ.व. २०८२/०८३ को लागि संघ तथा प्रदेश सरकारवाट प्राप्त बजेट सिलिङ एवं पालिकाको आन्तरिक स्रोत समेत समावेश गरि स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले निर्माण गरेको स्रोत अनुमान तथा बजेट सिमा निर्धारणलाई स्विकृत गर्दै आ.व. २०८२/०८३ को प्रस्तावित अनुमानित वडागत बजेट सिलिङ र क्षेत्र तथा शाखागत बजेट सिलिङको सीमा निर्धारण गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

(क) वडागत बजेट सिलिङ:-

| क.सं. | वडा नं. | पुँजिगत बजेट रु.(हजारमा) | कै. | क.सं. | वडा नं. | पुँजिगत बजेट रु.(हजारमा) | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | १ | ४२६४ | | ४. | ४ | १९१८ | |
| २. | २ | ४३४४ | | ५. | ५ | ४०१० | |
| ३. | ३ | ३४७६ | | | | | |
| | | कूल | | | | १८०१२ | |

(ख) क्षेत्र तथा शाखागत बजेट सिलिङ:-

| क.सं. | क्षेत्र | बजेट सिमा रु.(हजारमा) | कै. | क.सं. | क्षेत्र | बजेट सिमा रु.(हजारमा) | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | **आर्थिक विकास** | **७४००** | | २. | **सामाजिक विकास शाखा** | **३३१५२** | |
| क. | कृषि विकास शाखा | २४०० | | क. | शिक्षा शाखा | १६००० | |
| ख. | पशु विकास शाखा | १७०० | | ख. | स्वास्थ्य शाखा | १४४५२ | |
| ग | न्यायिक तथा सहकारी | ६०० | | ग. | म.बा. तथा जे.ना. शाखा | ६०० | |
| घ | भुभि ईकाई | २५०० | | घ. | सामाजिक विकास शाखा | ३०० | |
| ङ. | राजश्व शाखा | २०० | | ङ. | खेलकूद विकास शाखा | १८०० | |
| ३. | **पूर्वाधार विकास शाखा** | **५००००** | | ४. | **व.का.तथा वि.व्य. क्षेत्र** | **६००** | |
| क. | संघीय समपूरक अनुदान | ३०००० | | क. | वा.स.तथा वि.व्य.ईकाइ | ६०० | |
| ख. | प्रदेश सम्पूरक अनुदान | २०००० | | | | | |
| ५. | संस्थागत विकास तथा सुशासन क्षेत्र | ७७५०० | | | | | |
| | कूल | १७१५५२ | | | | | |

**प्रस्ताव नं.१६:- मर्मत बाफतको भूक्तानी रकम अनुमोदन गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१६-**प्रस्ताव नं. १६ माथि छलफल हुंदा ईलाका प्रहरी कार्यालय बेलडाँडी कंचनपुको जिप मर्मत भई pams दाखिला भई भुक्तानीको लागि यस कार्यालयसंग अनुरोध भई आएकोले सो बाफतको रु ६५०००( पैंसठ्ठी हजार) रकम यस कार्यालयबाट सम्वन्धीत फर्मलाई भुक्तानी दिएकाले उक्त जिप मर्मत बाफतको भुक्तानी रकम अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.१७:- म्याद थपको लागि अनुरोध गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१७**-प्रस्ताव नं. १७ माथि छलफल हुँदा बेलडाँडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बेलडाँडी, कंचनपुर र सुदुरपश्चिम प्रदेश,भौतिक पूर्वाधार विकास मन्त्रालय, धनगढी, कैलाली बिच मिति २०८०/१२/१५ गते भएको सम्झौता अनुसार बेलडाँडी गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता योजना (WASH PLAN) तयार गर्ने कार्यको लागि यस आ.व. २०८१/०८२ मा उक्त मन्त्रालयबाट बजेट रु. १०,८५,०००/-(दस लाख पचासी हजार) प्राप्त भएको र सोही अनुसार परामर्श सेवा खरिद कार्यमा विविध कारणले ढिला हुन गई मिति २०८१/१२/२१ गते श्री ई.एफ.आई. नेपाल प्रा.लि. संग यस गा.पा. को सम्झौता भएको र WASH PLAN तयार गर्न तथ्याङ्क संकलन गर्ने काम भईरहेको साथै प्रारम्भिक प्रतिवेदन समेत गा.पा. मा पेश गरेकोले सुदुरपश्चिम प्रदेश,भौतिक पूर्वाधार विकास मन्त्रालय ,धनगढी, कैलालीसंग भएको सम्झौता अनुसार WASH PLAN तयार गर्ने म्याद २०८१ चैत्र १५ गते समाप्त भईसकेको हुँदा उक्त मन्त्रालयलाई WASH PLAN तयार गर्ने कार्यको म्याद थप गरिदिनका लागि अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

CamScanner